प्रदेश सरकार ०७१-५५१२

लुम्बिनी प्रदेश सूचना अधिकारी ९८५७०७५१८४

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

मुकाम बुटवल,नेपाल


सचिव

प.सं.०७७/०७८ मितिः२०७७/७/६

च.नं.

**वातावरणीय अध्ययन प्रतिवेदन मूल्याङन तथा सिफारीस समितिमा रहने वातावरण विज्ञहरुको सूची (Roster) को लागि दरखास्त आव्हान सम्वन्धी सूचना**

(प्रथम पटक प्रकाशन मिति २०७७।७।६)

लुम्विनी प्रदेशको वातावरण संरक्षण ऐन,२०७७ को दफा ७ मा मन्त्रालयले वातावरण संरक्षण क्षेत्रमा विज्ञता हाशिल गरेका र वातावरण संरक्षण क्षेत्रमा लामो अनुभ्व र महत्वपूर्ण योगदान पुर्याएका व्यक्तिहरुको रोष्टर तयार गरी अद्यावधिक गर्ने भन्ने व्यवस्था भए वमोजिम स्वीकृतिका लागि यस मन्त्रालयमा भविष्यमा पेश हुने वातावरणीय अध्ययन प्रतिवेदनहरुको मूल्याङ्कन गरी स्वीकृतिका लागि सिफारीस साथसाथै प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको स्थलगत निरीक्षण अवलोकन र अनुगमन गरी प्रस्ताव कार्यान्वयनवाट वातावरणीय भौत्तिक तथा रासायनिक प्रणाली,जैविक प्रणाली,सामाजिक -आर्थिक प्रणाली र सांस्कृतिक प्रणालीमा पर्न सक्ने प्रभावहरुको आंकलन समेत गर्नेगरी वातावरणीय अध्ययन प्रतिवेदन मूल्याङ्कन तथा सिफारीस समितिमा वातावरण विज्ञ र प्रस्तावसंग सम्वन्धित विषयविज्ञको रुपमा काम गर्न इच्छुक र वातावरण प्रति प्रतिवद्ध अनुभवी विज्ञ महानुभावहरुले तपिशलमा उल्लेखित प्रावधानहरुको अधिनमा रही यो सूचना प्रकाशन भएको मितिले ३० (तिस) दिन भित्र यस मन्त्रालयको website: www.moitfep5.gov.np को सूचना बमोजिमका आवश्यक कागजातहरु (निवेदन सहित) यस मन्त्रालयको विद्युतीय पत्राचार ठेगाना (email address): mailto:province5moitfe@gmail.com वा यस मन्त्रालयमा आइपुग्ने गरी पठाउन हुन अनुरोध छ ।

## आवश्यक कागजातहरु

(क) वैयक्तिक विवरण

(ख) शैक्षिक योग्यता सम्वन्धि प्रमाणपत्रको प्रतिलिपी

(ग) कार्य अनुभव सम्वन्धि प्रमाण

(घ) वातावरणीय मूल्याङ्न सम्वन्धि तालिम लिएको भए सो सम्वन्धि कागजातहरुको प्रमाण

(ङ) वातावरण संबन्धमा मन्त्रालयलाई आवश्यक पर्ने प्राविधिक सहयोग निश्पक्षरुपमा तोकिएको समयावधि भित्र उपलव्ध गराउने स्वःघोषणा ।

प्रदेश सरकार

०७१-५५१२१६

लुम्बिनी प्रदेश

सूचना अधिकारी ९८५७०७५१८४

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

मुकाम बुटवल,नेपाल

सचिव

## १. शैक्षिक योग्यता

इन्जिनियरीङ (सिभिल, मेकानिकल, केमिकल, इलेक्टिकल, आर्कीटेक, अर्वन प्लानिङ, उर्जा, भुकम्प वायोटेक, वायोमेडिकल, जलस्रोत, हाइड्रोपावर, इरिगेसन, मेटेरियोलोजी, कृषि, भूगर्व, माइनिङ, मेटरोलर्जिकल, औद्योगिक, यातायात, वन, वातावरण) स्वास्थ्य, जनसंख्या विज्ञान, चिकित्सा शास्त्र, अस्पताल व्यवस्थापन, वन विज्ञान, वन्यजन्तु विज्ञान, वातावरण विज्ञान, कृषि विज्ञान, भेटनरी । पशु विज्ञान, भौत्तिकविज्ञान, रसायन विज्ञान, वनस्पती विज्ञान, जीव विज्ञान, प्राणी विज्ञान, शुक्ष्मजीव विज्ञान, माटो विज्ञान, मौसम विज्ञान, भूगर्व शास्त्र, जलस्रोत व्यवस्थापन, जलाधार व्यवस्थापन, वायो टेक्नोलोजी, विपद् जोखिम व्यवस्थापन, वातावरण व्यवस्थापन, जलवायु परिवर्तन व्यवस्थापन, जैविक विविधता संरक्षण तथा व्यस्थापन, मानव शास्त्र, ग्रामिण विकास, समाजशास्त्र, अर्थशास्त्र, वन अर्थशास्त्र, पुरातत्व शास्त्र, दीगो विकास, प्राकृतिक स्रोत व्यस्थापन, वातावरण कानून, वातावरण अर्थशास्त्र, पर्यटन, संस्कृति विषयमा नेपाल सरकारद्धारा मान्यता प्राप्त शिक्षण संस्थावाट कम्तीमा स्नाकोत्तर उपाधि प्राप्त गरेको वा उल्लेखित विषयमा त्रिभुवन विश्वविद्यालयवाट समकक्षता प्राप्त गरेको र उपरोक्त विषयहरुमा कम्तीमा ३ वर्षको अनुभव भएको।

## २. कार्य अनुभव

तल उल्लेखित मध्ये वुंदा (क) वा (ख) वा (ग) वा (घ) अनुसारको कार्य अनुभव भएको विवरण

(क) माथि उल्लेखित कुनै क्षेत्रगत विषयमा तोकिएको शैक्षिक योग्यता भई प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङन सम्वन्धि वातावरणीय अध्ययन कार्यमा टोली नेता वा टोली सदस्यको रुपमा संलग्न रही वातावरणीय अध्ययन प्रतिवेदन स्विकृतिको लागि सम्वन्धित प्रस्तावक मार्फत सम्वन्धित निकायमा पेश गरेको ।

(ख) माथि उल्लेखित कुनै क्षेत्रगत विषयमा तोकिएको शैक्षिक योग्यता भई नेपाल सरकारको कुनै निकाय वा नेपाल सरकारबाट मान्यता प्राप्त संघ संस्थामा कम्तीमा रा. प. तृतीय श्रेणी वा सो सरहको पदमा १ वर्ष वातावरणीय अध्ययन प्रतिवेदनहरुको पुनरावलोकन वा स्वीकृति प्रकृया वा शोध कार्यमा संलग्न भई कार्य गरेको ।

(ग) विश्वविद्यालय तथा तिनका आंगिक क्यापम्समा प्राध्यापक तथा उप-प्राध्यापक भईमाथि उल्लेखित कुनै क्षेत्रगत विषयमा तोकिएको शैक्षिक योगता भई माथि उल्लेखित विषयमा कम्तीमा ३ वर्ष अध्यापन गराइरहेका तथा अध्यापन कार्य गरेको ।

(घ) माथि उल्लेखित कुनै क्षेत्रगत विषयमा तोकिएको शैक्षिक योग्यता प्राप्त गरे पछि कम्तीमा २ वर्ष विषयगत क्षेत्रमा काम गरेको अनुभव र वातावरणीय अध्ययन प्रतिवेदन मूल्याङकन तथा सिफारीस समिति वा उक्त समिति जस्तै कार्य गर्ने अन्य समितिमा विज्ञको रुपमा रही प्रतिवेदन पुनरावलोकन गरेको ।